# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

मधेश प्रदेश,नेपाल

पिपरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पिपरा, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

प.स.:२०८०/०८१

चलानी नं.:

मिति: २०८१/०३/२८

सूचना! सूचना!! सूचना!!!

प्रथम पटक प्रकाशित २०८०/०३/२८

उपरोक्त सम्वन्धमा आ.व. २०८१/०८२ को लागी पिपरा गाउँपालिका स्थित वडा नं. ४ मा रहेको हप्तामा २ दुई पटक लाग्ने पिपरा हाटवजार को मिति २०८१ साल श्रावण देखि २०८२ साल अषाढ मसान्त सम्मको लागी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ पन्द्रहौ दिन कार्यालय समय भित्र दरभाउ फारम वापत रु १०००। तिरि राजश्व शाखा बाट दरभाउ फारम खरिद गरि यसै साथ संलग्न शर्तको अधिनमा रहि १६ सोरहौ दिन १ वजे भित्र रित पुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न सम्वन्धित सवैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ ।

| क्र. सं. | ठेक्काको नाम | वडा नं. | ठेक्का अवधि | न्यूनतम कबोल अंक | कै |
|---|---|---|---|---|---|
| १ | पिपरा हाट बजार कर असुली | ४ | २०८१ श्रावण देखि २०८२ अषाढ मसान्त | रु.८०५०००/- ( आठ लाख पाच हजर मात्र) | |

पुनश्चः यस सम्वन्धि थप जानकारी को लागी यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिन्छ ।

रतन राय

नि· प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## शर्त

१. बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउँदा सम्यन्धित व्यक्ति वा ठेक्केदारले आफ्नो नागरिकता प्रमाण पत्र लिई स्वयंम उपस्थित हुनु पर्नेछ ।

२. खामको बाहिर पट्टी वडा नं. र बजारको नाम तथा गाउँ कार्यपालिकाको कार्यालय पिपरा उल्लेख गरी बोलपत्र शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

३.बोलपत्र साथ व्यक्तिको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराममा कबोल गरेको रकमको अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्र साथ आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको एभरेष्ट बैंक लिमिटेड पिपरा शाखामा रहेको खाता नं. ०६२००१०६२००००२,ग ३.-१ पिपरा गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

६. सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रहौं) दिन कार्यालय समय भित्र छुट्टा छुटे ठेक्का नं. को लागि प्रति ठेक्का को बोलपत्र फाराम वापत रु १०००। तिरी पिपरा गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गरि १६ (सोरहौं) दिनको १:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ, र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । साथै बोलपत्र खोलिने मिति र समयमा बोलपत्र दाताहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन विदा परेमा सोको भोलि पल्ट कार्यालय सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिने र त्यसको भोली पल्ट दिनको १:०० बजे सम्ममा बोलपत्र फाराम दर्ता गराई सक्नु पर्ने र सोही दिन दिनको २:०० बजे बोलपत्र खोलिने छ ।

८. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै यस गा.पा.को ग.१.१ आन्तरिक राजश्व खाता खाता नं. ०६२००१०६२००००५ मा जम्मा गरि सोको सक्कल भौचर सहित सम्झौता गरि चलन पुर्जि लिई सक्नु पर्नेछ । सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत गरि दोश्रो कबोल दातालाई ३ (तीन) दिनको म्याद दिई सम्झौता गर्नआउन जनाउ दिनेछ ।

११. यस कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

१२. पिपरा गाउँ कार्यपालिकाको कार्यालयले समय-समयमा दिइएको निर्देशनको पालना गर्नु ठेक्केदारको प्रमुख कर्तव्य हुनेछ ।

१३. बाढीपहिरो सुख्खा जर्ति वा अन्य कुनै कारण देखाई मिनाहा माग भएमा यस कार्यालयबाट मिनाहा दिइने छैन।

१४. ठेक्का स्वीकृत भई कार्यालयले मांग गरे बमोजिमको रकम तोकिएको समय भित्र दाखिला गरि सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ । ठेक्का सम्झौता गरे पछि तोकिएको मितिबाट मात्र ठेक्का संचालन गर्न पाईने छ। सम्झौता गर्नु भन्दा पहिला दावी गर्न पाइने छैन ।

१५ गा.पा. को स्वीकृती बेगर बजारको संरचनामा कुनै हेर फेर गर्न पाइने छैन।

१६. यस ठेक्का सम्बन्धी कुनै किसिमको भझै-झगडा वा मतभिन्ता भएमा पिपरा गाउँपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१७. बोलपत्र फाराम खरिद गरिएको रकम फिर्ता हुने छैन ।

१८. यस गाउँपालिकाबाट विभिन्न बस्तु र सेवाको लागि निर्धारण गरेको दर रेट बमोजिम कर असुली गर्नु पर्ने छ र सो दर रेट भन्दा बढी असुल गरेको पाईएमा कार्यवाही गरिनेछ तथा ठेकेदारले बजारको सरसफाई एवे सुरक्षा स्वेम ठेकेदारले गर्नुपर्ने छ ।

१९. यस सूचनामा उल्लेखित शर्तहरुको हकमा सोही बमोजिम नभएको हकमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३



Scanned with CamScanner